# हेनरी मुरको मूर्ति रचना 'राजा र रानी' : एक विमर्श

**ओम खत्री**


## लेखसार

*बिसौँ शताब्दीका विश्वविख्यात मूर्तिकार हेनरी मुर (Henry Moore) को आदिमतापरक मूर्ति रचना 'राजा र रानी' (King and Queen) विशिष्ट शैली र अनुभूतिजन्य प्रभावका लागि प्रसिद्ध रहेको छ। यस मूर्तिमा 'आदिमवाद' अर्थात् 'प्रिमिटिभिज्म' (Primitivism) को धारलाई पछ्याएको छ। मूर्तिमा चैतन्य र अबोधपनलाई कुशलतापूर बक संयोजन गरिनुलाई कलाकारको मौलिकता र वैशिष्ट्य मान्न सकिन्छ। यो मूर्ति रचनाको आदिमतापरक (archetypal) पक्षका सम्बन्धमा अनेकौँ विज्ञहरूका लेख रचनाहरू प्रकाशित छन्। यस मूर्तिका अनेकौँ अनुकृतिहरू विश्वभरि कैयौँ सङ्ग्रहालयहरूको आकर्षणका रूपमा रहेका छन्। यस कृतिका सम्बन्धमा विभिन्न थरी अनुमान एवम् चर्चा परिचर्चा भएका छन्। मुरको यो चर्चित मूर्ति रचनाका सम्बन्धमा खोतल्नु लेखको उद्देश्य रहेको छ।*


## विषय प्रवेश

हेनरी मुरको महत्त्वपूर्ण मूर्ति रचना 'राजा र रानी' मा एक जोडी महिला र पुरूष आकृतिलाई संयोजन गरिएको छ । उनको यो रचना आदिमतापरक मूर्तिका रूपमा चिनिन्छ । यस मूर्तिमा विशेष प्रकारको शैलीलाई अवलम्बन गरिएको छ । बेन्चमा बसिरहेका युगल जोडीको यस मूर्तिका अनेकौं संस्करणहरु विभिन्न देशका सङ्ग्रहालय तथा उद्यानहरूमा देख्न सकिन्छ ।

यो मूर्ति नितान्त आधुनिक रचना हो, अपितु मूर्तिमा आदिमवादलाई अङ्गीकार गरिएको छ । मूर्तिकारले मूर्ति रचनाका विविध आयामहरूलाई समेट्दै मानवीय अबोधपन र मानवइतर आकृतिलाई समायोजन गर्ने प्रयास गरेको बुझिन्छ ।

कलाविद्हरूका अनुसार यो प्राचीन राजकीय मूर्तिको अन्तिम संस्करण हो, तथापि यसलाई समसामयिक दृष्टिकोणबाट हेरिनुपर्छ । यस मूर्तिको एउटा संस्करणलाई स्कटल्यान्डको डमफ्रिस (Dumfries) स्थित पार्कको एउटा ढुङ्गामाथि स्थापना गरिएको छ ।

## राजा र रानी

डम्फ्रिस पार्कमा रहेको राजा र रानीका युगल आकृति खुला आकाशमुनि बेन्चमा बसेका छन् । उनीहरूले अगाडिको तलाउतर्फ दृश्यावलोकन गरिरहेका जस्तो भान हुन्छ । खुला वातावरणमा टहल्न गएका वृद्ध वृद्धा एकछिन आरामका लागि बसेका हुन् कि जस्तो पनि प्रतीत हुन्छ ।

'राजा' अर्थात् पुरूष आकृतिको शिरलाई तल चिउँडोदेखि निधारसम्म पातलो पाता जस्तो गरी बनाइएको छ । यसै आकारलाई आँखाको स्थानमा छेदन गरी आँखाको पारदर्शी गुणलाई कायम गरिएको छ । निधारको ठिक माथि



**हेनरी मुर**, *राजा र रानी (King and Queen),* १९५२, धातु, डम्फ्रिस, स्कटल्यान्ड

चन्द्राकार वस्तु (सम्भवतः पगरी, आभूषण वा कपालको लट्टा) रहेको छ । अर्को छेउबाट शिरलाई हेर्दा बाख्राको टाउको को सिङ जस्तो अनुभूति हुन्छ । अनुहारलाई अवतल (cocave) आकारमा देखाइएको छ । राजाको अनुहार कुनै अफ्रिकी मखुन्डो जस्तो लाग्छ ।

आकृतिमा काँधको बनोट उत्तल (convex) आकारमा बनाइएको छ । छातीको भाग पनि काँध जस्तै उत्तलाकार रहेको छ । शरीरमा वक्षको मुन्टा र नाइटो आदि नदेखिनाले आकृतिले वस्त्र धारण गरेको बुझिन्छ । कमरदेखि मुनिको कपडा भने खुट्टामा स्पष्ट दृष्टिगोचर हुन्छ । पाखुरा र हातका औँलाहरु मसिना र बाटुला रहेका छन् । दायाँ हात पछाडि कुहिनोबाट केही खुम्चिएको अवस्थामा रहेको छ । हातका औँलाहरू प्रस्टसँग देखाइएका छन् । हातले समतल बेन्चमाथि दायाँ खुट्टानिर टेकेको छ । राजाको मेरूदण्ड सिधा रहेको छ । कमर हल्का झुकेको छ । आकृतिलाई दायाँ बायाँ छेउबाट हेर्दा पातलो आकार दृष्टिगोचर हुन्छ । औँलाहरू स्वाभाविक र लयात्मक देखिन्छन् । पाखुरा र हात सुडोल तथा पातलो देखिन्छन् । मूर्तिको सतहमा औजारका घातद्वारा क्रसह्याचिङ (crosshatching) गरिएको छ ।

'रानी' अर्थात् महिला आकृति पुरूषको बायाँपट्टि सँगै रहेको छ । शिरलाई पातलो पारिएको छ । बाटुलो छिद्रद्वारा आँखाको पारदर्शीपनलाई सङ्केत गरिएको छ । नाकको झल्को हुनेगरी कोण परेको अनुहारमा अन्य अङ्गहरु विलय गरिएका छन् । शिरको पछाडि पातलो शिरबन्दी जस्तो देखाइएको छ । निधारमाथि अर्धचन्द्राकार मुकुट रहेको छ । शिरमा पछाडिपट्टि कपालको डल्लो जस्तो देखाएको छ । अनुहारका दुवै गालालाई अवतल आकारमा बनाइएका छन् । बसाइ पनि पुरूषकै जस्तो रहेको छ । घुँडादेखि जमिनसम्म सिधा टेकेको छ । कमरदेखि माथिको भाग पनि सिधा रहेको छ । औँलाहरू लामा छन् । आकृतिको पार्श्व भाग अवतल आकारमा भित्रपट्टि धसिएको छ । काँध भने पुरूष आकृतिमा जस्तै धनुषाकारमा रहेको छ र तुलनात्मक दृष्टिले सानो छ । महिलाको समग्र आकृति पुरूष आकृतिको दाँजोमा सानो रहेको छ ।

पुरूष आकृतिमा जस्तै महिला आकृतिले पनि लामो र खुकुलो वस्त्र धारण गरेको छ । छातीमा उरोजलाई साङ्केतिक रूपमा देखाइएको छ । आकृतिको अग्रभागलाई उत्तल आकारमा देखाइएको छ ।

दुवै आकृतिमा खुट्टाको बनोट झन्डै उस्तै उस्तै देखिन्छ । पुरूषको तुलनामा महिलाको वस्त्र अलिकति माथि भएकाले खुट्टाको भाग बढी देखिन्छ । महिला आकृतिका हात घुँडामाथि रहेको छ । हात र पाखुरा मसिना र सुडोल रहेका छन् । पुरूषको आकृति जस्तै महिलाको आकृतिलाई पनि दायाँ बायाँ छेउबाट हेर्दा पातलो प्रतीत हुन्छ । प्राचीन इजिप्टसियन मूर्ति परम्परामा जस्तै राजाको आकृतिलाई ठुलो र रानीको आकृतिलाई सानो बनाइएको छ ।

मुरका मूर्तिमा जनावरको जस्तो प्रतीत हुने शिरमा मुकुट, साँगुरिएको अनुहार, दाह्री आदिमा प्राचीन इजिप्टिसियन, सुमेर तथा निग्रो कलाका प्रभाव देख्न सकिन्छ । उनका आधुनिक मूर्ति रचनामा आदिमतापरक वैशिष्ट्यलाई अनुभूत गर्न सकिन्छ । अपितु उनले इजिप्टसियन मूर्तिमा देखिने जडपनालाई भङ्ग गरिदिएका छन् ।

मुरले सन् १९५१ मा ग्रिस भ्रमण गरेका थिए । त्यस अतिरिक्त विगतमा इजिप्ट, सुमेरिया आदि प्राचीन सभ्यताका थलोहरूमा गरिएका भ्रमणहरूको अनुभव पनि उनीसँग थियो ।

ब्रिटिस कलाविद् हर्बर्ट रिड (Herbert Read) का अनुसार मुरका 'राजा र रानी' जस्ता कामहरूमा दृश्यमान तत्त्वहरू अन्य मूर्तिकारहरू, जस्तै : कन्सट्यान्टिन ब्राङ्कुसी (Constantin Brâncuşi), ज्याँ आर्प (Jean Arp), बारबरा हेपवर्थ (Barbara Hepworth) आदि कलाकारका कामसँग मेल खाँदैनन् (Read H. , 1964, p. 204) ।

सन् १९५३ ताका सिर्जित मुरका केही महत्त्वपूर्ण मूर्तिहरूका विषयवस्तुमा 'आमा र शिशु' को प्रधान्य रहेको पाइन्छ । ती आकृतिमा शरीरको अपेक्षा हात, खुट्टालाई

उनले बिल्कुल पृथक शैलीमा प्रस्तुत गरेका छन् ।

मुरले विशेषतः जैविक विषय वस्तुलाई आफ्ना रचनाको आधार बनाएका छन् । उनले आफ्नो प्रेरणाका स्रोतका रूपमा प्रकृतिलाई लिएको देखिन्छ । यसैमा आधारित रहेर उनले 'तिन ओटा आकृतिहरू' (Three Forms), 'ढल्किरहे को आकृति' (Reclining Figure) लगायतका विषयवस्तुमा मूर्ति रचना गरेका छन् । उनका कामहरूमा अधिकांश मानव आकृतिको बाहुल्य रहेको देखिन्छ । यिनै विषयमध्ये समूह मूर्तिअन्तर्गत 'राजा र रानी' रचनालाई लिन सकिन्छ । यस मूर्तिमा पनि अन्य मूर्तिहरूमा जस्तै उनले अपनाएको शैली प्रस्ट रूपले अनुभूत हुन्छ । मूर्ति रचनामा पहिलो पल्ट छिद्रहरूको प्रयोग गर्ने श्रेय मुरलाई नै जान्छ ।

यस मूर्तिका अनेकौं संस्करण रहेका छन् र ती विभिन्न स्थान तथा वातावरणमा स्थापना गरिएका छन् । स्थानका हिसाबले ती मूर्तिले एकै खालको अनुभूति वा पृथक अनुभूति गराउँछन् भन्ने प्रश्न पनि सिर्जना हुन सक्छ । यसलाई बनाउने क्रममा मूर्तिकारले यसबारे विचार गरेका थिए वा थिएनन् भन्ने अर्को जिज्ञासा उत्पन्न हुन्छ । मूर्ति-पात्रहरु वास्तविक राजा रानी हुन् वा कुनै काल्पनिक हुन् भन्ने कौतुहल पनि जाग्छ । मूर्ति स्थापना गरिएका स्थानअनुसार मूर्तिको आन्तरिक भावमा परिवर्तन हुन्छ वा हुँदैन र त्यस



**हेनरी मुर**, *ढल्किरहेकी महिला (Reclining Figure)*, १९२९, प्रस्तर, योर्कसायर, इङ्ग्ल्यान्ड



**हेनरी मुर**, *भूमिगत रेलमार्गमा बास बसेकाहरू (Sheltters in the Tube),* १९४१, सिसाकलम, मसी, जलरङ तथा मैनरङ, ३८ से. मि X ५६ से. मि., टेट ग्यालरी, लन्डन

स्थानका वातावरणका लागि मूर्ति निर्माण गरिएको हो वा मूर्तिका लागि ती स्थल चयन गरिएका हुन् भन्ने जिज्ञासा पनि उत्पन्न हुन्छ ।

**हेनरी मुर** (इ. सं. १८९८-१९८६)

बेलायतमा जन्मेका हेनरी स्पेनसर मुर (Henry Spencer Moore) बिसौं शताब्दीका विख्यात मूर्तिकारका रूपमा चिनिन्छन् । आदिमवाद तथा अन्य मूर्तिकारहरु कन्सट्यान्टिन ब्राङ्कुसी (Constantin Brâncuși), ज्याकब इप्सटेन (Jacob Epstein), हेनरी गौडियर-ब्रजेस्का (Henri Gaudier-Brzeska) तथा फ्राङ्क डोब्सन (Frank Dobson) काम देखेर उनी मूर्ति रचनामा सिधा कुँदाइ (direct carving) पद्धतिप्रति आकर्षित भएका थिए ।

दोस्रो विश्वयुद्ध ताका सन् १९४० मा लन्डनको हाम्पस्टिड (Hampstead) स्थित उनको स्टुडियो बम बिस्फोटबाट क्षतिग्रस्त भएको थियो । त्यसपछि उनी हर्टफोर्डसायरको मच हढाम (Much Hadham, Hertfordshire) सरेका थिए । त्यसपछि जीवनभर यही उनको कर्मथलो रहेको थियो ।

मुर सशक्त ड्राफ्ट्सम्यान थिए । सन् १९४०-४२ मा युद्ध ताका बमबारीबाट बच्नका लागि लन्डनको भूमिगत स्थलमा आश्रय लिएर

बसेका नागरिकहरूको उनले अनेकौं रेखाचित्रहरु लेखेका थिए । तिनमा रेखाङ्कनमा उनको क्षमता टड्कारो देख्न सकिन्छ । उनलाई ती ड्रइङहरू तयार गर्नका लागि 'युद्ध कलाकारहरूको परामर्श समिति' (The War Artists' Advisory Committee) ले अनुबन्ध गरेको थियो । उक्त समितिका अध्यक्ष त्यस समयका प्रभावशाली कलाविद् केनेथ क्लार्क (Kenneth Clark) थिए ।

सन् १९४८ मा भेनिसमा हुने द्विवार्षिक प्रदर्शनी (Venice Biennale) मा मुर पुरस्कृत भएका थिए । यस पुरस्कारले उनलाई अन्तर्राष्ट्रिय स्तरको मूर्तिकारका रूपमा स्थापित गरिदिएको थियो । उनले सार्वजनिक भवन, पार्क, चोक आदिमा राख्नका लागि अनेकौं महत्त्वपूर्ण मूर्ति रचनाहरु निर्माण गर्ने अनुबन्धहरु पाएका थिए । उनले ढलोट र प्रस्तर दुवै माध्यममा उत्कृष्ट कृतिहरु सिर्जना गरेका थिए । उनले समूह मूर्तिहरू पनि थुप्रै बनाएका थिए । उनलाई सरल र बोधगम्य भाषामा आफ्ना भनाइ राख्न सक्ने व्यक्तिका रूपमा पनि स्मरण गरिन्छ ।

मुरले परम्परागत मान्यताका विपरीत मूर्ति रचनामा छिद्रहरु राख्ने प्रयोग गरेका थिए । उनको कला शैली निग्रो कला तथा टोलटेक-मायान (Toltec-Mayan) आकृतिहरू, आदिमवाद (Primitivism) एवम अतियथार्थवाद (Surrealism) बाट प्रभावित छन् । सन् १९२० मा रोजर फ्राई (Roger Fry) द्वारा लिखित पुस्तक 'भिजन एन्ड डिजाइन' (Vison and



*हर्महेब र अमेनिया (Statue of Hermheb and Amenia),* करिब १३०० इ. पू., प्रस्तर, ब्रिटिस म्युजियम, लन्डन

Design) प्रकाशित भएको थियो । यस पुस्तकको एउटा अध्याय निग्रो मूर्तिकलासँग सम्बन्धित रहेको छ । यो पुस्तक पढेपश्चात् मुरको कलाप्रतिको दृष्टिकोणमा परिवर्तन आएको थियो । ब्रिटिस म्युजियममा सङ्कलित मायान तथा इजिप्टसियन सभ्यता कालका मूर्तिहरूले पनि उनलाई निकै आकर्षित पारेका थिए ।

हेनरी मुरको 'राजा र रानी' मूर्तिको प्रेरणा स्रोत करिब १३०० इस्वी संवत्पूर्वको इजिप्टसियन मूर्ति 'होरेमहेब र अमेनिया' लाई मानिन्छ । हेनरी मुर शास्त्रीय कलाबाट भन्दा पनि प्राचीन मेक्सिकन मूर्तिकलाबाट प्रभावित देखिन्छन् ।

स्विस मनोविश्लेषक कार्ल गुस्ताभ जङ (Carl Gustav Jung) द्वारा प्रतिपादित 'विश्लेषणात्मक मनोविज्ञान' (analytical psychology) अनुसार व्यक्तिमा सामूहिक अचेतन प्रवृत्ति पनि हुन्छ र यो प्रवृत्ति प्रतीक, सङ्केत, व्यवहारका पारा, सोच र अनुभवद्वारा निर्मित प्रेरणा र आदर्शहरु हुन् । हेनरी मुरको मूर्तिलाई कार्ल जङको सिद्धान्तका आधारमा पनि विवेचना गर्न सकिन्छ । राजा र रानीको मूर्तिलाई यसको सशक्त उदाहरणका रुपमा लिन सकिन्छ ।

हेनरी मुरका अनुसार राजा र रानीको मूर्ति रचना गर्ने विचार पछाडि ब्रिटिस म्युजियममा रहेको प्राचीन इजिप्टको प्रस्तर मूर्ति रहेको थियो । उनी आफ्नी छोरीलाई परी कथा सुनाउने गर्थे र यो पनि मूर्ति रचनाको स्रोत बन्न गएको थियो । कतिपयका भनाइमा मुर र आफ्नी पत्नीको एउटा फोटो तथा महारानी एलिजवेथ द्वितीयको राज्यभिषेकबाट प्रेरित भएका हुन सक्ने भन्ने पनि गरिन्छ । तर केही आलोचकहरू यो तर्क मान्न तयार छैनन् । किनभने स्वाभाविकता र काल्पनिकता बिचको असमानजस्य संयोजन समीक्षकहरूका लागि उचित लागेन (Cocrreian, 2015) ।

यो मूर्ति इजिप्टसियन मूर्ति परम्पराको निकट रहेको छ, अपितु कतिपय कुरालाई सर्वथा पृथक ढङ्गले देखाउन सक्नुलाई कलाकारको प्रतिभाको प्रमाण मान्न सकिन्छ । मुरले आफ्नो घोषणा पत्र मार्फत माध्यमको सत्यता, अवलोकन, उच्चतर मानसिक गुण जस्ता तत्त्वहरुको महत्त्वलाई प्राथमिकता दिएका छन् (Read H. , Unit 1, 1934) ।

हेनरी मुरका आदिमतापरक मूर्तिलाई 'प्रिमिटिभिजम् इन मोडर्निटी' अर्थात् आधुनिकतामा आदिमताका रुपमा लिन सकिन्छ । उनका कलामा देखिने अतियथार्थवादी प्रवृत्तिका कारण त्यसलाई मनोविश्लेषणका दृष्टिले अध्ययन गर्दा तिनमा सामूहिक अचेतनको अनुभूति प्रस्टिन्छ ।

## निष्कर्ष

सुषुप्त रुपमा रहेका अनुभूतिहरुलाई हेनरी मुरले आफ्नो आदिमतापरक रचना ' राजा र रानी' मा उतारेका छन् । यस मूर्तिमा आधुनिकतामा आदिमपनालाई अङ्गीकार गरिएको प्रस्ट रुपमा देख्न सकिन्छ । चैतन्य र अवचेतन बिचको संयोजनलाई कुशलतापूर्वक प्रस्तुत गर्नुलाई हेनरी मुरको मौलिकता मान्न सकिन्छ । यस मूर्ति रचनासँग विविध प्रसङ्गहरु जोडिएका भए पनि वस्तुतः यो प्राचीन इजिप्टसियन मूर्ति 'हर्महेब र अमेनिया' मूर्तिबाट प्रभावित भएर बनाइएको देखिन्छ । यस प्रवृत्तिका रचनालाई मनोविश्लेषकहरुले आदिमतापरक सिद्धान्तसँग जोडेर विश्लेषण गरेका छन् । यही सिद्धान्तको परिवेशमा राजा र रानीको एक युगल मूर्ति रचना गरिएको पाइन्छ । परन्तु मूर्तिकार मुर यस विषयमा मौन रहन चाहेको उनको एउटा अन्तरवार्ताबाट स्पष्ट हुन्छ ।

यस मूर्तिका अनेकौं अनुकृतिहरु विभिन्न देशका सङ्ग्रहालय तथा उद्यानहरुमा स्थापना गरिएका छन् । मूर्तिका विभिन्न आयामहरूलाई समेट्दै  मानवीय अबोधपन एवम मानवइतर स्वभावलाई चारित्र र आदर्शका रुपमा प्रस्तुत गरिनाले यो कृति असामान्य देख्न पुगेको छ ।

## सन्दर्भ सामग्री


Adamski, A. (2011, September). *Archetypes and the Collective Unconscious of Carl G. Jung in the Ligth of Quantrum Psychology.* (s. Adamski, Ed.) Neuro Quantology, 563 -571.

Causey, A. (1998). *Sculpture Since 1945.* New York: Oxford University Press.

Chilvers, I. (1996). T*he Concise Oxford Dictionary of Art and Artists (2 nd ed.).* New York: Oxford University Press.

Clarke, M. (Ed.). (2001). *The Concise Oxford Dictionary of Art Terms.* New York: Oxford University Press Ink.

Cocrreian, A. (2015). '*King and Queen*', *Henry Moore: Sculptural Process and Public Identity*. Retrieved August 10, 2018, from https://www.tate.org.uk/art/research-publications/henry-moore/henry-moore -om-ch-king-and-queen-r1172098

Feldman, E. (1992). *Vareities of Visual Experience (4th ed.).* New York: Harry N. Abrams, Incorporated.

Fezzi, E. (1972). *Henry Moore.* London: The Hamlyn Publishing group Limited.

Finn, D. (1989). *How to Look at Sculpture. (B.Fazio, Ed.)* New York: Harry N. Abrams, Incorporated.

Fry, R. (1920). *Vision and Design.* London: Chattok Windus.

Gombrich, E. H. (1977). *Art & Illusion: A study in the Psychology of Pictorial Representation.* London: Phidon Press Limited.

James, P. (Ed.). (1966). *Henry Moore on Sculpture.* Macdonal: London.

Janson, H.W.& Janson A.F. (1964). *History of Art (6th ed.).* London: Thames & Hudson Ltd.

Read, H. (1934). *Unit 1 The Modern Movement in Engilsh Architecture,Painting and Sculpture.* (H. Read, Ed.) London: Casselland Company LTD.

Read, H. (1946). *The Grass Roots of Art.* London: Faber and Faber Limited.

Read, H. (1949). *The Meaning of Art.* Great Britain: Pelican Books.

Read, H. (1964). *Modern Sculpture: A Concise History.* London: themes & Hudson Ltd.

Read, H. (1964). *The Philosophy of Modern Art.* London: Faber and Faber Limited.





**ओम खत्री**

*सन् १९६९ मा बागलुङमा जन्मेका ओम खत्री अन्तर्राष्ट्रिय स्तरमा स्थापित आधुनिक नेपाली मूर्तिकारका रूपमा सुपरिचित छन् । राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा आयोजित अनेकौँ मूर्ति कार्यशाला र गोष्ठीहरूमा भाग लिइसकेका खत्री समसामयिक नेपाली मूर्तिकारहरूको संस्था 'आरम्भ' का संस्थापक अध्यक्ष हुन् । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको प्राज्ञ परिषद्को सदस्य रहिसकेका उनी हाल ललितकला क्याम्पस, त्रि. वि. मा उपप्राध्यापकका रूपमा कार्यरत छन् ।*